गल्कोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गल्कोट, बागलुङ
गण्डकीप्रदेश, नेपाल

प.स.:२०७६/७६
च.न.:

मिति : २०७६/०६/३०

## सामुहिक खेति कार्यक्रम संचालनको लागी प्रस्ताव आह्वानको सुचना

सामुहिक खेति निर्देशिका २०७६ तथा सामुहिक खेति कार्यान्वयन कार्यविधि २०७६ बमोजिम गल्कोट नगरकार्यपालिका कृषि/पशुसेवा शाखाको आ.व. २०७६/७७ को स्विकृत कार्यक्रम बमोजिम संचालन हुने तपशिल बमोजिमका कार्यक्रम संचालन गर्न ईच्छुक कृषि तथा पशुपालनमा सामुहिक कार्य गर्ने उद्देस्य भएका कृषी पशुपालन सहकारी/ समुह/ आमा समुह/क्लव/सामुदायिक संस्थाहरुवाट तपशिल बमोजिमको रितपूर्वकको प्रस्ताव सुचाना प्रथम पटक प्रकाशन भएको मिति देखी ३० दिन भित्र सम्वन्धित शाखामा पेश गर्न प्रस्ताव आह्वान गरिएको छ ।

आह्वान गरिएको कार्यक्रमहरुः

| क्र.सं. | कार्यक्रम | कैफियत |
|---|---|---|
| १ | सहकारी/समुदायमा आधारित सामुहिक फार्म खेति | |
| २ | आमा समुह महिला लक्षित कृषक कार्यक्रम | आमा समुह/महिला समुह/महिला कृषक समुहको लागी मात्र |
| ३ | सहकारी/समुदायमा आधारित सामुहिक पशुपालन कार्यक्रम | |
| ४ | समुदायमा आधारित आमा समुह महिला पशुपालन कार्यक्रम | आमा समुह/महिला समुह/महिला पशुपालन कृषक समुहको लागी मात्र |

तपशिल

१. अनुसूची १ अनुसारको निवेदन सहित समुह खेतीमा आधारित स्कीम/प्रस्ताव सहित कार्यक्रममा सहभागी हुने कृषि/पशु समुह/सामुदायिक संस्थाले स्कीम/प्रस्ताव (Proposal), समुह/ संस्था दर्ता प्रमाण- पत्रको प्रतिलिपि, वडाकार्यालयको सिफारिश, स्कीम/कार्यक्रम सञ्चालनको लागि संस्थाको निर्णय प्रतिलिपी र निवेदक संस्था तथा कृषि/पशु सेवा शाखाले व्यहोर्ने रकम छुट्टाछुट्टै देखिने गरी निवेदक संस्थाबाट तयार गरिएको मोटा मोटी लागत विवरण समेत पेश गर्नु पर्नेछ ।

२. अनुसुचि २ बमोजिमको मोटामोटि लागत विवरण मा कम्तिमा ३० प्रतिशत रकम लाभग्राहि संस्थावाट नगद वा श्रमदान वा दुवैवाट ब्यहोर्ने गरि तयार गरिएको र कुल लागतको ३० प्रतिशत सम्म चालु खर्च अन्तर्गत कृषि/पशु तालिम, समुह/संस्थामा कार्यक्रम ब्यवस्थापन, पशु/वालि विमा,पशु/वालि औषधि उपचार, विउ विरुवा जस्ता कार्यक्रम र कम्तिमा ७० प्रतिशत पूजिगत कार्यहरु प्रस्ताव गर्नुपर्नेछ। तर आमा समुह महिला लक्षित कार्यक्रमको हकमा चालु कार्यहरु ५० प्रतिशत सम्म हुन सक्नेछन् ।

३. कृषक समुह र सहकारीको हकमा नगरमा दर्ता भएको दर्ता प्रमाणपत्र र अन्य सामुदायिक संस्थाको हकमा प्रचलित कानुन बमोजिमको निकायमा दर्ताभएको प्रमाणपत्र अनिवार्य हुनेछ।

४. सहकारी/समुदायमा आधारित सामुहिक कृषिफार्म/पशुपालन कार्यक्रममा अधिकतम अनुदान रकम ३००००० (तिन लाख) सम्म हुनेछ । छनौट तथा अनुदान स्विकृतिको अन्तिम निर्णायक सामुहिक खेति संचालन निर्देशिका २०७६ बमोजिम निर्देशक समिति हुनेछ ।



galkotmunicipality@gmail.com | facebook.com/hellogalkot | Twitter.com/hellogalkot | www.galkotmun.gov.np